Digital Rights Nepal

# राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको संक्षिप्त विश्लेषण र सुझाव

## क. पृष्ठभूमि

नेपाल सरकारले राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) विधेयक, २०८२ को मस्यौदा २०८२ साउन १६ गते सार्वजनिक गर्दै २०८२ साउन ३० गते भित्रमा सर्वसाधारणबाट राय माग गरेको छ । विधेयक सार्वजनिक भएपश्चात् डिजिटल राइट्स नेपालले उक्त विधेयकको अध्ययन गरी प्रस्तुत संक्षिप्त विश्लेषण तथा सुझाव तयार गरेको छ ।

प्रस्तावना र विधेयक तर्जुमा गर्नु परेको कारणसम्बन्धी विवरणमा उल्लेख भएअनुसार यस विधेयकको मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन्:

- मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता, स्वाधीनताको संरक्षण र संवर्धनका लागि गुप्तचरी तथा अनुसन्धान सम्बन्धी कार्य सम्पादन गर्न वाञ्छनीय भएको ।
- राष्ट्रिय सुरक्षा र स्थिरता सुदृढ गर्ने ।
- आतङ्कवाद, सङ्गठित अपराध, साइबर अपराध, तस्करी तथा अन्य खतरा नियन्त्रण र न्यूनीकरण गर्ने ।
- "आधुनिक प्रविधि" र "वैज्ञानिक विधि" प्रयोग गरी गुप्तचर सङ्कलनमा सक्षम बनाउने ।

यो विधेयक लागू भएपछि हाल लागू रहेको विशेष सेवा ऐन, २०४२ खारेज हुनेछ ।

## ख. विधेयकका मुख्य व्यवस्था

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभागको स्थापना । (दफा ६)
- विभाग मातहत प्रदेश, जिल्ला तथा आवश्यकता अनुसार अन्य तोकिए बमोजिमका विशिष्टीकृत कार्यालयहरूको स्थापना । (दफा ६ (६))
- विभागलाई मुलुक भित्र र बाहिर  गुप्तचर सञ्चालन, प्रतिगुप्तचर, गोप्य अभियान र निगरानीको अधिकार । (दफा १४ र १६)
- विभागलाई व्यक्तिको वा सङ्घ संस्थाको सञ्चार माध्यम वा अन्य माध्यमबाट भएको कुराकानी, श्रव्य, दृश्य वा विद्युतिय सङ्केत वा विवरणको निगरानी वा अनुगमन गर्ने वा इन्टरसेप्सनको अधिकार । (दफा १५ (१))
- विभागलाई निगरानी वा अनुगमन गर्न वा इन्टरसेप्सन गरी त्यस्तो अभिलेखीकरण गर्न अन्य सरकारी तथा सार्वजनिक निकायको डाटाबेसमा पहुँचको अधिकार । (दफा १५ (२))
- सेवा प्रदायकले विभागलाई सूचना सङ्कलन, सञ्चार इन्टरसेप्सनमा सहयोग गर्नुपर्ने व्यवस्था । (दफा १५(४))

## ग. नागरिक अधिकारका दृष्टिकोणबाट सरोकारका प्रावधानहरू

### १. दफा ६(६) - विशिष्टीकृत कार्यालयहरूको स्थापना सम्बन्धी अस्पष्ट व्यवस्था

***विधेयकको व्यवस्था:*** *"विभाग मातहत प्रदेश, जिल्ला तथा आवश्यकता अनुसार अन्य तोकिए बमोजिमका विशिष्टीकृत कार्यालयहरु रहनेछन् ।"*

**समस्या:** विधेयकमा "विशिष्टीकृत कार्यालय" को प्रकार, कार्यक्षेत्र, अधिकार र उत्तरदायित्वबारे कुनै स्पष्टता छैन । यस्तो विशिष्टीकृत कार्यालय सम्बन्धी नियम सार्वजनिक हुने छैनन् भन्ने व्यवस्था रहेको छ । (दफा १२२(२)(च))

**नागरिक अधिकारमाथि प्रभाव:** अस्पष्ट संरचनाले नागरिकमाथि अतिरिक्त निगरानी संयन्त्र सिर्जना गर्ने सम्भावना बढाउँछ । यसले जवाफदेहिता, कानुनी नियन्त्रण र स्वतन्त्र अनुगमनको अभावमा स्वेच्छाचारी निगरानीको वातावरण बनाउन सक्छ ।

**सुझाव:**

- विशिष्टीकृत कार्यालयको आधारभूत व्यवस्था (संरचना, कार्यक्षेत्र, क्षेत्राधिकार) सम्बन्धी व्यवस्था  ऐनमा नै समावेश हुनुपर्ने (विधायिकी परीक्षण सुनिश्चित गर्न)
- विशिष्टीकृत कार्यालयलाई नियमन गर्ने नियम सार्वजनिक गरिनुपर्ने ।

### २. दफा  ७ - गुप्तचर विभागका अधिकारहरू (उपदफा २, ४, ५, ६)

***विधेयकको व्यवस्था:*** *७(२)...विभागले देहायका विषयमा सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषण तथा अनुसन्धानको कार्य गर्नेछ :-*
*(ठ): "सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट हुन सक्ने साइबर अपराध सम्बन्धी गतिविधि,"*

**समस्या:** यो जिम्मेवारी हाल नेपाल प्रहरीको साइबर ब्युरोको अधिकारक्षेत्र अन्तर्गत रहेको छ भने प्रस्तावित सूचना प्रविधि तथा साइबर सुरक्षा कानुन अन्तर्गतको राष्ट्रिय साइबर सुरक्षा केन्द्रको क्षेत्राधिकारसमेत यसमा जोडिन्छ। नियमित अपराध अनुसन्धानको कार्य नियमित संयन्त्रकै क्षेत्राधिकारमा रहनु उपयुक्त हुन्छ। समानान्तर संरचना र अधिकारक्षेत्रले द्वन्द्व निम्त्याउन सक्छ।

**नागरिक अधिकारमाथि प्रभाव:** कानुनी अधिकार क्षेत्र अस्पष्ट वा दोहोरो हुँदा राजनीतिक वा व्यक्तिगत लाभका लागि अनुसन्धान प्रक्रियाको दुरुपयोग हुने जोखिम रहन्छ।

**सुझाव:**

- सामान्य किसिमका साइबर अपराधको क्षेत्राधिकार प्रहरी र साइबर सुरक्षा केन्द्र कै क्षेत्राधिकारमा राखी साइबर आक्रमण, साइबर एस्पिओनाज जस्ता राष्ट्रिय सुरक्षासँग जोडिएका विषय स्पष्ट रूपमा किटान गर्दै यस विभागको क्षेत्राधिकार अन्तर्गत राख्न सकिन्छ।

***(ञ): "मुलुकभित्र सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट हुन सक्ने अवाञ्छित गतिविधि"***

**समस्या:** व्यापक र अस्पष्ट

**नागरिक तथा मानव अधिकारमाथि प्रभाव:** यो प्रावधान एकदमै व्यापक र अस्पष्ट छ। यसले कुनै पनि कारण, आधार वा शङ्काबिना नै कुनै पनि किसिमका सङ्घ, संस्था, मिडिया, राजनीतिक दल, व्यावसायिक संस्था, सामाजिक संस्था वा नागरिक समाज संस्थालाई निरन्तर निगरानी (Constant Surveillance) मा राख्न सक्ने अनियन्त्रित अधिकार प्रदान गर्दछ। जुन विषय नियमित कानुनअन्तर्गत नियमित राज्य संयन्त्रले गर्ने हो त्यसका क्षेत्राधिकार राष्ट्रिय अनुसन्धान विभाग जस्तो विशिष्टीकृत निकायलाई दिन आवश्यक हुँदैन। त्यसैगरी "अवाञ्छित गतिविधि" को कुनै परिभाषा नगरिएकाले पनि यो प्रावधानको दुरूपयोग हुनसक्छ। यस प्रावधानले नागरिक अनुगमन (वाच-डग) संस्थाहरू, मानवअधिकार समूह, स्वतन्त्र पत्रकारिता वा राजनीतिक विपक्षीमाथि लक्षित निगरानीको सम्भावनालाई बढाउँदै अभिव्यक्ति स्वतन्त्रता, सङ्गठन स्वतन्त्रता आदीमा प्रत्यक्ष प्रहार गर्छ।

***विधेयकको भाषा ७(४) : "अधिकृत कर्मचारीले आफ्नो परिचय पत्र देखाई कुनै पनि कार्यालय, संघ, संस्था वा व्यक्तिको स्वामित्वमा रहेको स्थान, भवन, घर वा सवारी साधन वा यान्त्रिक उपकरण रहेको स्थानमा प्रवेश गरी वा पहुँच कायम गरी सूचना तथा प्रमाण सङ्कलन गर्न सक्नेछ।"***

***"(५) उपदफा (४) बमोजिम कुनै स्थान, भवन, घर वा सवारी साधनमा वा यान्त्रिक उपकरण रहेको स्थानमा प्रवेश गर्नु अघि सोको धनी वा सो सम्बन्धी अधिकार प्राप्त व्यक्ति वा पदाधिकारीलाई लिखित सूचना दिनु पर्नेछ।"***

**समस्या:** वारेन्ट वा पूर्व-न्यायिक स्वीकृति बिना निजी सम्पत्तिमा प्रवेशको अधिकार।

**अधिकारमाथि प्रभाव:** संविधान धारा २८ र गोपनीयताको हकसम्बन्धी ऐनद्वारा सुनिश्चित गोपनीयताको हकको उल्लङ्घन तथा कानुनी सुरक्षा संरचना कमजोर हुने जोखिम देखिन्छ।

***विधेयकको भाषा ७(६): "विभागले गुप्तचरी तथा अनुसन्धान कार्य सम्पादन गर्दा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) वा रोबोटिक्स जस्ता नवीनतम प्रविधिको पनि प्रयोग गर्न सक्नेछ।"***

**समस्या:** AI वा रोबोटिक्स प्रयोगका सीमा, प्रकार, नैतिक मापदण्ड र पारदर्शिताबारे कुनै स्पष्टता छैन।

**नागरिक अधिकारमाथि प्रभाव:** स्वचालित निगरानी प्रणालीको दुरुपयोग भएमा व्यक्तिको स्वतन्त्रता र डाटा सुरक्षामा प्रभाव पर्न सक्छ।

## ३. दफा ९(२) - अधिकार प्राप्त अधिकारी सम्बन्धी अस्पष्टता।

***विधेयकको भाषा: "(२) उपदफा (१) बमोजिमको सूचना तथा प्रतिवेदन अधिकार प्राप्त अधिकारीलाई बाहेक अन्य व्यक्तिलाई दिनु हुँदैन।"***

**समस्या:** अधिकार प्राप्त अधिकारी को को हुन् र यस अन्तरगत राजनीतिक, प्रशासनिक, प्राविधिक वा बाह्य ठेक्का/परामर्शदाता पर्छन् कि पर्दैनन् भन्ने स्पष्ट छैन। त्यसैगरी उपदफा १ बमोजिमको गोप्य रहने सूचना तथा प्रतिवेदन अधिकार प्राप्त अधिकारीलाई कसले उपलब्ध गराउने भन्ने पनि स्पष्ट छैन।

**सुझाव:** 'अधिकार प्राप्त अधिकारी' भनेर कसलाई इङ्गित गर्न खोजिएको हो स्पष्ट पारिनुपर्छ। विधेयकको दफा ८ र दफा ९ मा प्रधानमन्त्रीलाई जुनसुकै समयमा लिखित र मौखिक रूपमा सूचना दिन सक्ने र वार्षिक प्रतिवेदन बुझाइने व्यवस्था गरिएपछि यस दफामा उल्लेख 'अधिकार प्राप्त अधिकारी' प्रधानमन्त्री बाहेकको व्यक्ति रहेको देखिन्छ। साथै यस्तो गोप्य सूचना तथा प्रतिवेदन 'अधिकार प्राप्त अधिकारी'लाई अनुसन्धान महानिरीक्षक वा अन्य कुन पदाधिकारीले बुझाउने हो त्यो पनि स्पष्ट पारिनुपर्छ।

## ४. दफा १०(१)(क) - गतिविधिको निगरानी र नियन्त्रण अधिकार

***विधेयकको भाषा:* १० "अनुसन्धान महानिरीक्षकको काम, कर्तव्य र अधिकार: (१) अनुसन्धान महानिरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-**

***(क) मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको रक्षा र आन्तरिक सुरक्षा विरुद्धका क्रियाकलापमा संलग्न समूह वा व्यक्तिका गतिविधि उपर निगरानी गर्ने वा गराउने,"***

**समस्या:** "मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता..." जस्ता शब्दावली व्यापक रूपमा व्याख्या गर्न सकिने शब्दावली हुन् । त्यसैगरी 'मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको रक्षा र आन्तरिक सुरक्षा विरुद्धका क्रियाकलाप' भनेका कस्ता क्रियाकलाप हुन भनी त्यसको परिभाषा, मापदण्ड वा दायरा (scope) कानुनले नै स्पष्ट नपार्ने हो भने जुनसुकै क्रियाकलापलाई स्वेच्छाचारी रूपमा परिभाषित गर्ने जोखिम रहन्छ ।

**नागरिक तथा राजनीतिक अधिकारमाथि प्रभाव:** सरकारप्रति आलोचनात्मक नागरिक, नागरिक समूह, राजनीतिक दल, सङ्घ संस्था, मिडिया/आमसञ्चार माध्यम, मानवअधिकारकर्मी वा विपक्षीमाथि स्पष्ट कारण वा आधार बिना लक्षित निगरानी सहज बनाउँछ ।

**सुझाव:**

- मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको रक्षा र आन्तरिक सुरक्षा विरुद्धका क्रियाकलाप' भनेको कस्तो क्रियाकलाप हुन् भनी त्यसको परिभाषा, मापदण्ड वा दायरा (scope) कानुनमा नै स्पष्ट पारिनुपर्छ ।

## ५. दफा १३(२) - कानुनी अस्पष्टता

***विधेयकको भाषा:* १३ (२) विभागले कुनै संघ, संस्था, समूह वा व्यक्तिले नेपाल राज्य विरुद्ध वा राष्ट्रिय सुरक्षा, सरोकार वा चासोसँग सम्बन्धित विषयमा सूचना सङ्कलन गर्न वा गराउन सक्नेछ ।**

**समस्या:** यो प्रावधान भाषिक वा शब्द संरचनाको दृष्टिकोणबाट समस्याजनक छ । कुनै शब्द छुटेको वा कुनै शब्द गलत रूपमा प्रयोग भएको देखिन्छ । हाल व्यवस्था गरिएको "विभागले" र "कुनै सङ्घ, संस्था, समूह वा व्यक्तिले" ..... सूचना सङ्कलन गर्न वा गराउन सक्नेछ' को अर्थ सबैले सूचना सङ्कलन गर्न वा गराउन सक्ने हुनाले भाषा अधुरो र अस्पष्ट देखिन्छ ।

**अधिकारमाथि प्रभाव:** अस्पष्ट कानुनी भाषा प्रयोगले व्यावहारिक कार्यान्वयनमा समस्या हुने देखिन्छ ।

## ६. दफा १५ - सूचना सङ्कलनको विशेष व्यवस्था

***विधेयकको भाषा:* १५. सूचना सङ्कलन सम्बन्धी विशेष व्यवस्था: १) दफा १२ को उपदफा (१) बमोजिमको कार्य गर्दा अन्य माध्यमबाट सूचना सङ्कलन गर्न सम्भव नभएमा र त्यस्तो सूचना तत्काल सङ्कलन नगरेमा मुलुकलाई गम्भीर हानी नोक्सानी हुने कुरामा अनुसन्धान महानिरीक्षक विश्वस्त भएमा निजले कुनै सन्दिग्ध व्यक्ति, संघ, संस्थाबाट सञ्चार माध्यम वा अन्य माध्यमबाट भएका कुराकानी, श्रव्य, दृश्य वा विद्युतीय सङ्केत वा विवरणलाई निगरानी वा अनुगमन गर्न वा इन्टरसेप्सन गरी त्यस्तो अभिलेखीकरण गर्न आफ्नो प्रत्यक्ष निगरानीमा मातहतको कुनै अधिकारीलाई लिखित रूपमा आदेश दिन सक्नेछ ।**

***स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "इन्टरसेप्सन" भन्नाले जुनसुकै प्रकारको सञ्चार सञ्जाललाई अनुगमन वा निगरानी गरी आवश्यकता अनुसार सूचना प्राप्त गर्ने कार्य सम्झनुपर्छ ।***

**समस्या: १५(१):** न्यायिक निकायको पूर्वस्वीकृति बिना सञ्चार इन्टरसेप्ट गर्ने व्यवस्थाले संविधानद्वारा सुनिश्चित गोपनीयताको हक, अभिव्यक्ति स्वतन्त्रताको हक, सूचनाको हक, सङ्गठित हुने अधिकार लगायतका मौलिक हकमाथिको अतिक्रमण ।

**नागरिक अधिकारमाथि प्रभाव:** यो प्रावधान नेपालको संविधानले सुनिश्चित गरेको गोपनीयताको हक (धारा १७), वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights– ICCPR) को धारा १७ विपरीत छ र यसबाट संवैधानिक गोपनीयता हकको प्रत्यक्ष उल्लङ्घन हुन जान्छ ।

**सुझाव:**

- नागरिकको मौलिक हकको संरक्षणका लागि कुनै सरकारी निकायलाई यस्तो अधिकार दिँदा नियन्त्रण र सन्तुलनको व्यवस्था गरिनु अत्यावश्यक हुन्छ । ***...अन्य माध्यमबाट सूचना सङ्कलन गर्न सम्भव नभएको र त्यस्तो सूचना तत्काल सङ्कलन नगरेमा मुलुकलाई गम्भीर हानी नोक्सानी हुने कुरामा'*** अनुसन्धान महानिरीक्षक नभई न्यायिक निकाय विश्वस्त हुनुपर्ने र न्यायिक अनुमतिका आधारमा मात्र निगरानी, अनुगमन वा इन्टरसेप्सनको अनुमति दिइने व्यवस्था गरिनुपर्छ ।

यस सम्बन्धमा परेको रिट निवेदन अधिवक्ता बाबुराम अर्याल विरूद्ध नेपाल सरकार, ने. का. प, २०७४, निर्णय नम्बर ९७४० मा सर्वोच्च अदालतले कल डिटेललगायतका सञ्चारसम्बन्धी विवरणहरूमा न्यायिक निकायको स्वीकृति लिएर मात्र पहुँच राख्न सकिने निर्णय गरिसकेको तर्फ पनि विधायिकाले ध्यान दिनु पर्दछ ।

विधेयकको भाषा: १५ (२) उपदफा (१) बमोजिम कार्य गर्नका लागि विभागले अन्य सरकारी निकाय वा सार्वजनिक निकायमा रहेका कम्प्युटर डाटाबेस प्रणालीलाई विभागको कम्प्युटर डाटाबेस प्रणालीमा आबद्ध गरी पढ्न मात्र सकिने गरी (रिड वन्ली) (Read only) पहुँच प्राप्त गर्न सक्नेछ ।

**समस्या: १५ (२):** सरकारी वा सार्वजनिक निकायको डाटाबेसमा पहुँच दिने व्यवस्था छ तर सो पहुँचको दायरा वा अवधि स्पष्ट छैन । यस प्रावधानलाई हेर्दा कम्प्युटर डाटाबेस प्रणालीमाथिको यस्तो पहुँच अमुक अमुक मुद्दा/घटनापिच्छे (case-by-case basis) लिइनेछ वा एक पटक पहुँचमा लिएको कम्प्युटर डाटाबेस प्रणालीमा आवश्यकताअनुसार निगरानी, इन्टरसेप्ट वा अनुगमन गरिनेछ भन्ने स्पष्ट छैन । त्यसैगरी 'अन्य सरकारी निकाय वा सार्वजनिक निकायमा रहेका कम्प्युटर डाटाबेस प्रणाली' भनी व्यापक रूपमा जुनसुकै प्रणालीमा पहुँच दिन खोजिएको छ । यसबाट नागरिकको संवेदनशील सूचना तथा जानकारी भएका कुनै पनि प्रणालीमा वेरोकतोक पहुँच हुन जाने र गोपनीयताको हक गम्भीर जोखिममा पर्ने देखिन्छ ।

त्यसैगरी सिस्टममा पूर्ण पहुँच स्थापित भईसकेपछि विवादित व्यक्तिको तथ्याङ्कमा मात्र नभई सम्पूर्ण नागरिकको तथ्याङ्कमा वेरोकतोक पहुँच हुन जान सक्ने अवस्थामा त्यसलाई रोक्न कुनै सन्तुलन व्यवस्था गरिएको छैन ।

**अधिकारमाथि प्रभाव:** पहुँचको दायरा तथा समय सीमा अस्पष्ट रहेको र कुनै निश्चित व्यक्तिको तथ्याङ्कमा मात्र नभई सम्पूर्ण डाटाबेस सिस्टम नै विभागको सिस्टममा जोडिने भएकाले नागरिकको संवेदनशील व्यक्तिगत डाटामा अनधिकृत, सीमारहित र समयसिमा बिहिन पहुँचका कारण दुरुपयोगको जोखिमलाई बढाउँछ ।

***विधेयकको भाषा: १५ (४) उपदफा (१) बमोजिम तत्काल सञ्चार अभिलेख गर्ने आदेश दिँदा सम्बन्धित व्यक्ति वा संस्थालाई कुनै प्रकारको अवरोध नहुने गरी अभिलेख गर्न सम्बन्धित अधिकारीलाई र त्यस्तो अधिकारीलाई सञ्चार इन्टरसेप्सन गर्ने काममा आवश्यक सहयोग गर्न सम्बन्धित सञ्चार सेवा सञ्चालक वा सो व्यवसायको धनी वा सम्बन्धित अन्य व्यक्तिलाई अनुरोध गर्न सक्नेछ ।***

***१५ (५) उपदफा (४) बमोजिम अनुरोध भएकोमा त्यस्तो अधिकारीलाई सम्बन्धित सेवा प्रदायक वा व्यवसायी वा सेवा सञ्चालन गर्ने व्यक्तिले इन्टरसेप्सन गर्न सहयोग गर्नु निजको कर्तव्य हुनेछ ।***

**समस्या: १५(४):** सेवा प्रदायकहरूलाई अदालतको आदेश, वारेन्ट वा डाटा न्यूनीकरण मापदण्ड बिना सञ्चार इन्टरसेप्सनमा सहयोग गर्न बाध्य पार्ने जोखिम ।

## ७. दफा १२२(२)(ख) - नियम बनाउने अधिकार

***विधेयकको भाषा: दफा १२२. नियम बनाउने अधिकार: (१) यस ऐनको सर्वमान्यताको प्रतिकुलतामा असर नपर्ने गरी नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ ।***

***(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा बन्ने नियमहरु सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने छैन:***

**समस्या:** नियम बनाउन सक्ने, तर सार्वजनिक नगर्ने ।

**अधिकारमाथि प्रभाव:** विधायिकाले बनाएको कानुनअन्तर्गत प्रत्यायोजित कानुनका रूपमा नियम बनाउने अधिकार कार्यपालिकामा रहन्छ । यसरी बनेका नियमहरू कानुनकै रूपमा नागरिकलाई लागु हुन्छन् । तर यस्ता नियम सार्वजनिक नगरिने विषय सैद्धान्तिक रूपमा र प्राकृतिक न्यायको सिद्धान्तका आधारमा पनि मान्य हुँदैन । कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानुनी पद्धतिमा त्यसरी नागरिकमाथि लागु हुने कानुन नै सार्वजनिक नगरिने प्रस्तावित प्रावधान पारदर्शिता र सार्वजनिक जवाफदेहिता विपरित र गैर संवैधानिक रहेको छ ।

**सुझाव:**

- यस कानुनअन्तर्गत बनाइने नियमहरू सार्वजनिक जानकारीका लागि प्रकाशन गरिनुपर्छ र सहज रूपमा उपलब्ध गराइनुपर्छ ।

## घ. डिजिटल अधिकारलगायतका नागरिक अधिकारमाथिको सम्भावित प्रभाव

- विधेयकको प्रस्तावित व्यवस्थाहरूबाट व्यापक र अनियन्त्रित निगरानीको जोखिम रहेको छ।
- विधेयकमा समावेश अनुगमन, निगरानी, अन्तर दोहन सम्बन्धी प्रावधानहरूका कारण नागरिक, मिडिया, अधिकारकर्मी, विपक्षी राजनीतिक दलका सदस्य तथा नागरिक समाज सदस्यहरूमा स्वनियन्त्रण (सेल्फ-सेंसरशिप)को जोखिम बढ्नेछ।
- सरकारको वैध आलोचना समेत निस्तेज बनाइने र समाज नियन्त्रित लोकतन्त्र तर्फ उन्मुख हुने जोखिम रहन्छ।
- नागरिकको निजी जीवन गोपनीयतामा प्रत्यक्ष हनन (संविधानको धारा २८ तथा ICCPR को धारा १७ विपरीत) हुनेछ।
- आमसञ्चार माध्यमको स्वतन्त्रतामा असर, खोजी पत्रकारितामा संलग्न मिडिया तथा मिडियाकर्मी माथिको जोखिम र सूचना स्रोतको गोपनीयता भङ्ग हुने सम्भावना रहन्छ।
- नागरिक अधिकार सीमित गर्ने कानुनी व्यवस्था अवलम्बन गर्दा पालना गरिनुपर्ने अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका मापदण्डहरू (वैधानिकता, आवश्यकता, अनुपातिकता) को अवमूल्यन भएको छ।

## ङ. थप सिफारिसहरू

- विधेयकमा उल्लेख गरिएका सबै किसिमका सञ्चार अनुगमन, निगरानी, अन्तर दोहन तथा डिजिटल डाटामा पहुँचलगायतका काम कारवाहीहरू न्यायिक स्वीकृतिपश्चात् मात्र गर्नुपर्ने व्यवस्था समावेश हुनु पर्छ।
- विभागको कामको अनुगमन गर्न संसदीय अनुगमन संयन्त्र स्थापना गरिनुपर्छ।
- दफा ८ मा वार्षिक रूपमा इन्टरसेप्सन आदेशको संख्या, स्वीकृति र अस्वीकृतिको सार्वजनिक प्रतिवेदन साझा गर्ने व्यवस्था समावेश हुन पर्छ।
- डाटामा पहुँच, डाटाको भण्डारण सीमित गर्ने, सुरक्षित राख्ने, र अनावश्यक/अवैध डाटा तुरुन्त मेट्ने व्यवस्था समावेश हुनु पर्छ।
- सर्वोच्च अदालतको आदेश अनुसार सञ्चार इन्टरसेप्सन गर्दा पूर्व-न्यायिक अनुमति अनिवार्य आवश्यक हुने व्यवस्था समावेश हुन पर्छ।

**Phone:** +977-9767245100
**Address:** 47 - Neel Saraswoti Marga, Gairidhara - 2, Kathmandu
**Email:** info@digitalrightsnepal.org
**Web:** www.digitalrightsnepal.org